
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ११५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख २६ गते सोमबार ❑ 9 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गठबन्धन राष्ट्रिय आवश्यकता हो : सभापति देउवा

पोखरापत्र संवाददाता
पोखरा, २५ बैशाख

नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले गठबन्धन राष्ट्रिय आवश्यकता भएको बताउनुभएको छ।

पाँच दलीय गठबन्धनद्वारा आइतबार पोखरामा आयोजित बृहत् चुनावी सभालाई सम्बोधन गर्दै उहाँले गठबन्धनलाई बलियो बनाएर लैजानुपर्छ भन्नुभयो।



गठबन्धन कांग्रेसका लागि सबैभन्दा बढी आवश्यक भएको जनाउँदै उहाँले भन्नुभयो, "गठबन्धन बन्नु अघि हाम्रो कस्तो अवस्था थियो, आज कांग्रेसको नेतृत्वमा सरकार छ सबै पार्टी मिलाएर बसेको छ।" गठबन्धनमा शङ्का, उपशङ्का गर्नुपर्ने अवस्था नरहेको जनाउँदै उहाँले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा (एकीकृत समाजवादी ) अध्यक्ष माधव नेपाल एवं गठबन्धनका दलले उदार भएर कांग्रेसलाई सहयोग गरेका छन्", भन्नुभयो।

उहाँले गठनबन्धनले छ महानगरमध्ये तीनवटा महानगरको नेतृत्व कांग्रेसलाई दिएको बताउनुभयो। महानगर मात्र नभई हरेक पालिकामा गठबन्धनलाई विजयी बनाउन प्रधानमन्त्री देउवाले आग्रह गर्नुभयो। गठबन्धनलाई विजयी बनाउनका लागि कांग्रेसी कार्यकर्ता गठबन्धनका अन्य दललेभन्दा पनि मेहनतका साथ लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो। नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले अहिलेको सत्ता गठबन्धन स्थानीय तहको निर्वाचनसम्म मात्र नभएर आगामी प्रदेश र सङ्घीय निर्वाचनसम्म कायम रहने बताउनुभएको छ।

पोखरामा आयोजना गरेको चुनावीसभामा उहाँले गठबन्धन जन्मने दिनदेखि नै टुटाउने र यसलाई अघि बढ्न नदिने प्रयास भएका भन्दै उहाँले गठबन्धनको निरन्तरतामा जोड दिनुभयो। उहाँले भन्नुभयो, "राष्ट्र, संविधान र गणतन्त्रको रक्षाका लागि अघि बढेको गठन्धनलाई विभाजित गर्ने षड्यन्त्र भइरहेका छन्, गठबन्धनका शक्तिहरुले धेरै मेहनत र अप्ठ्यारोसँग जुधेर अहिलेको गठबन्धनलाई अघि बढाउनुपर्दछ, स्थानीय चुनावमा मात्र होइन, भोलि प्रदेश र सङ्घीय चुनावसम्म लैजानु आवश्यक छ।"

अध्यक्ष दाहालले देशमा राजनीतिक स्थिरता र आर्थिक विकासको नयाँ युगको सुरुआत यही गठबन्धनबाटै गर्ने सङ्कल्प लिइएको बताउनुभयो। संविधान, लोकतान्त्रिक गणतन्त्र, सङ्घीयता, समानुपातिक समावेशीको रक्षाका लागि गठबन्धनको जन्म भएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले गठबन्धन गरेर प्रतिगमन र प्रतिक्रान्तिकारीका विरुद्ध सङ्घर्ष नगरेको भए देश दुर्घटनामा परिसक्थ्यो भन्नुभयो।

उहाँले भन्नुभयो, "देशलाई प्रतिगमन र निरङ्कुशताबाट बचाउननै यो गठबन्धनको जन्म भएको हो।" देशका छ महानगर र

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पाँच दलीय गठबन्धन टाउको नभएका मुर्कुट्टा हुन्: पूर्व गृहमन्त्री अधिकारी

पोखरापत्र संवाददाता
पोखरा, २५ बैशाख

पूर्व गृहमन्त्री तथा नेकपा एमालेका स्थायी कमिटी सदस्य खगराज अधिकारीले एमाले आम-नागरिकले भनेको भन्दा बढी काम गर्ने पार्टी भएको दावी गरेका छन्। पार्टीले पोखरा ६ मा आयोजना गरेको चुनाव लक्षित भेलालाई सम्बोधन गर्दै उनले आम नागरिकको समस्यालाई उनीहरुले दर्साउनुभन्दा अगाडि समाधान गर्ने पार्टी भएको दावी गरेका हुन्।

भेलामा स्थायी कमिटी सदस्य अधिकारीले मर्दी नदीको मुहानको पानी पोखरामा शुद्धीकरण गरेर मात्र ल्याउनुपर्छ भन्ने अडान आफूले राखेको दावी समेत गरेका छन्। 'त्यो समयमा अन्य विपक्षी दलका नेताले मर्दीको पानी पोखरामा शुद्धीकरण नगरेर नै लैजाने भनिरहेका थिए।' उनले भने, 'मैरै पहलमा शुद्धीकरण गरेर ल्याउने सहमति भएको थियो।'पोखराको लेकसाइडलाई समेत उनले सफा र स्वच्छ बनाउने पहल गर्ने बताएका छन्। 'पोखराको फेवातालमा अब माछापुच्छ्रेको छाया हेरेर कफी पिउन मिल्ने बनाउने छौं।' उनले भने, 'तालमा रहेका फोहोरलाई सफा गर्ने हाम्रो लक्ष्य हो।' भेलामा पूर्वमन्त्री अधिकारीले विपक्षी दललाई कुनै भिजन नभएको पार्टीको आरोप लगाए। अहिले भएको ५ दलीय गठबन्धनलाई लक्षित गर्दै पूर्व मन्त्री अधिकारीले उनीहरु टाउको नभएको मुर्कुट्टा भएको उनले बताए। '५ दलीय गठबन्धनसंग विकास तथा योजनाको कुनै भिजन छैन।' उनले भने, 'उनीहरु टाउको नभएको मुर्कुट्टा हुन्।' अधिकारीले अबको सरकार एमालेको नै हुनुपर्ने समेत बताए। एमालेका स्थायी कमिटी सदस्य समेत रहेका अधिकारीले पोखराको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल यथाशीर्घ सञ्चालन गर्ने बताए। अन्तर ाष्ट्रिय विमानस्थललाई २४ घण्टा सञ्चालनमा ल्याउने आफूहरुको योजना रहेको समेत उनले बताएका छन्। भेलामा एमालेका तर्फबाट पोखरा महानगरपालिकामा मेयरका उमेद्वार कृष्ण थापाले ५ दलीय गठबन्धनले मुलुकलाई २०५९ सालमा धकेल्न खोजेको तर एमालेले रोकेको बताए। 'गठबन्धनले मुलुकलाई २०५९ तर्फ धकेलिसकेको थियो, तर एमालेले रोकेर ट्र्याकमा ल्याएको हो।' उनले भने। भेलामा उमेद्वार थापाले आफूले जारी गरेको घोषणापत्र अक्षरशः पालना गर्ने प्रतिवद्धता व्यक्त गरे। थापाले लेकसाइडलाई २४ घण्टा नै खुल्ला गरेर विश्वकै पर्यटकीय हब बनाउने प्रतिवद्धता व्यक्त गरे। पोखराको जिरो किमीबाट कोत्रेसम्म ६ लेनको सडक निर्माण गर्ने, फेवातालाई शुद्धीकरण गरेर व्यवस्थित गर्ने, पोखराको खानेपानी आयोजनालाई मेलम्चीभन्दा ठूलो आयोजना बनाउने, पोखराको सार्वजनिक स्थानमा पार्क निर्माण गरिने समेत उनले बताए।

पार्टीको तर्फबाट उपमेयरको उमेद्वार मञ्जुदेवी गुरुङले आम मतदाता तथा पोखरेलीको आर्शीवादले आफू फेरी उपमेयरको पदमा आएको बताइन्। न्यायिक समितिको प्रमुख भएको नाताले पोखरामा धेरै समस्या समाधान भएको बताइन्। 'न्याय नपाए गारेखा जानु भन्ने भनाई प्रचलित थियो। तर अब न्याय नपाए पोखरा जानु भन्ने गरिन्छ।' उनले भनिन्। कार्यक्रममा नेकपा एमालेका अनुशासन आयोगका केन्द्रीय सचिव भरत पहारी, प्रदेश सांसद राजीव पहारी, पर्यटन व्यवसायी, बासु

बाँकी अन्तिम पृष्ठमा ▶▶

## निर्वाचनका दिन आन्तरिक उडान बन्द हुने

रासस
काठमाडौं, २५ बैशाख

वायुसेवा सञ्चालक सङ्घले स्थानीय तह निर्वाचनका दिन सबै प्रकारको यातायात बन्द हुने भएकाले वायुसेवाको नियमित आन्तरिक उडान पनि बन्द हुने जनाएको छ। सङ्घका प्रवक्ता योगराज कँडेल शर्माले सोमबार जारी गरेको सूचनामा सवारी आवागमन व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ बमोजिम मानवीय उद्धार, सहायता उडान एवं सरकारको निर्देशनमा हुने उडानबाहेक स्थानीय तह निर्वाचनमा आन्तारिक उडान बन्द रहने उल्लेख छ। "मिति २०७९ वैशाख ३० गतेका दिन यस सङ्घमा आबद्ध सबै सदस्य वायुसेवाको नियमित आन्तरिक उडान बन्द रहने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ", सूचना भनिएको छ, "यसबाट यात्रु महानुभावहरूमा पर्न जाने असुविधाप्रति यो सङ्घ क्षमायाचना गर्दछ।"

## निर्वाचनमा खटिने सुरक्षाकर्मी र म्यादी प्रहरीको निधन भएमा परिवारलाई २० लाख सहयोग

रासस
काठमाडौं, २५ बैशाख

सरकारले स्थानीय तहको निर्वाचनका लागि सुरक्षामा खटिएका सुरक्षाकर्मीको मृत्यु भएमा निजका आश्रित परिवारलाई रु २० लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको छ।

गृहमन्त्री बालकृष्ण खाणको प्रस्तावमा आइतबार बिहान बसेको मन्त्रिपरिषद्को बैठकले निर्वाचन अवधिभर सुरक्षामा खटिने म्यादी प्रहरीसहित सुरक्षाकर्मीको मृत्यु भएमा निजका आश्रित परिवारलाई रु २० लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको गृहमन्त्रीको सचिवालयले जनाएको छ। उक्त सहायता नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग तथा म्यादी प्रहरीको हकमा लागू हुनेछ। त्यस्तै बैठकले निर्वाचनको क्रममा घाइते भएका सुरक्षाकर्मीको उपचारमा लागेको खर्च पनि सरकारले व्यहोर्ने निर्णय भएको गृहमन्त्रीको भनाई उद्धृत गर्दै प्रेस संयोजक मधुसुदन भट्टराईले जानकारी दिनुभयो।

बैठकले हिमाली जिल्लामा खटिने म्यादी प्रहरीका लागि प्रहरी जवानसरह जिल्लागत दररेटअनुसार रासनभत्ता उपलब्ध गराउने निर्णय पनि गरेको उहाँको भनाइ थियो।

## स्थानीय तह निर्वाचन : वयस्क उम्मेवारको सङ्ख्या बढी

रासस
काठमाडौं, २५ बैशाख

आसन्न स्थानीय तह निर्वाचनमा विभिन्न पदमा उम्मेदवारी दिनेमा वयस्कको सङ्ख्या उल्लेख्य देखिएको छ। निर्वाचन आयोगका अनुसार ३५ देखि ५० वर्ष समूहका उम्मेवारको सङ्ख्या ७६ हजार १६२ छ।

सो उमेर समूहका ३९ हजार ६६९ पुरुष र २७ हजार ४९३ महिला उम्मेदवार छन्। एक्काइसदेखि ३५ वर्ष उमेर समूहका १८ हजार ७८० पुरुष र १६ हजार ४७८ महिला गरी कुल ३५ हजार २५८ उम्मेदवार छन्। यसैगरी ५१ देखि ६५ वर्ष उमेर समूहका उम्मेदवारको सङ्ख्या ३७ हजार ५४ छ। सो उमेर समूहमा २६ हजार ५१५ पुरुष र १० हजार ५३९ महिला छन्।

यस्तै ६५ वर्ष माथिका चार हजार ३५० पुरुष र एक हजार १७७ महिला गरी पाँच हजार ५२७ उम्मेदवार रहेका छन्। यही वैशाख ३० गते ७५३ स्थानीय तहका कूल ३५ हजार २२१ पदका लागि निर्वाचन हुँदैछ। निर्वाचनमा कूल १४५ हजार १० जना उम्मेदवार छन्।

नगरपालिका प्रमुखमा तीन हजार २३८, उपप्रमुखमा एक हजार ९६४, गाउँपालिका अध्यक्षमा तीन हजार ९२ र उपाध्यक्षमा दुई हजार १६३ जनाको उम्मेदवारी कायम भएको छ। यस्तै वडाध्यक्षमा ३२ हजार ४९६, सदस्यमा ५३ हजार १७३, महिला सदस्यमा २५ हजार ५९९ र दलित महिला सदस्यमा २३ हजार २८५ जनाको उम्मेदवारी परेको छ।

## हार्दिक बधाई सहित धन्यवाद



यस पोखरा महानगरपालिका वडा नं. ११ रानीपौवा, तुल्सीमार्ग निवासी दानविर दाता **श्रीमती विष्णु कुमारी गर्वुजापून** (पुरानो गाउँ म्याग्दी सिख)बाट आफ्ना सम्पूर्ण परिवारको सु-स्वस्थ्य, दिर्घायु, उन्नती प्रगती सहित आफ्ना सम्पूर्ण पितृहरुको उद्धारको लागि आज एकाबिहानै माथि मन्दिर परिषरमा आफैं स्वस्पुर्तरुपमा आई यस धार्मिक क्षेत्रको समग्र विकाससँगै श्री भद्रकाली माताको मन्दिर पून:निर्माणको लागि रु.१,०५,०००/- (अक्षेरुपी एक लाख पाँच हजारमात्र।) आर्थिक सहयोग गर्नुभएकोमा हामी मन्दिर समिति अत्यन्तै उत्साहित र खुसी भएका छौं। साथै सात समुन्द्र पारी परदेशमा (वेलायत) रहनुभएका उहाँका आफ्ना श्रीमान तेज वहादुर गर्वुजापून, छोरा अरुण गर्वुजापून, ठुली छोरी दुर्गा गर्वुजापून, कान्छी छोरी कृति गर्वुजापून र काठमाडौंमा रहेकी माइली छोरी मति गर्वुजापून सहित सम्पूर्ण परिवारजनमा सु-स्वस्थ्य, दिर्घायु र उत्तरोत्तर प्रगतिको कामना गर्दै कालीमाताको अष्ठभुजा उहाँहरुको सिरमा सधैं छाइरहोस, पितृहरु सबै खुसी रहुन्, श्री गणेश दाहिना रहुन, लक्ष्मी माता साथ रहुन् भन्ने कामना गर्दै **हार्दिक बधाई सहित शुभकामना** व्यक्त गर्दछौं।

*अन्त्यमा कालीमाताले हामी सबैको कल्याण गरुन्*

*सहयोगको लागि धन्यवाद।*

**योगेन्द्रमान श्रेष्ठ**
**अध्यक्ष तथा**
**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**
**पोखरा-१२/१३, कुँडहर कास्की**

का.जि.द.नं. ५६/०५६ प.क्षे.हु.द.नं. ३/०६३/०६४


# सदस्य हुँदा सबैको मन जितेका राजेश वडा अध्यक्षको लागि मत माग्दै

पोखरापत्र संवाददाता
पोखरा, २५ बैशाख

कुनै पनि देशमा भएका हरेक परिवर्तनमा युवाहरूको भूमिका अग्र स्थानमा रहेको पाइन्छ। कुनै पनि समाज, वडा र हरेक जिल्लामा विकासको गति कति अगाडि छ भन्ने विषयमा लेखाजोखा गर्नुपर्दा त्यो समाजमा रहेका युवा कति शिक्षित, अनुशासित, सक्रिय र सभ्य छन् त्यसको आधारमा नापिन्छ। नेपालको राजनीतिक, सामाजिक, आर्थिक र समग्र विकासमा पनि युवाहरूको अवस्थाले नै भूमिका निर्धारण गरेको पाइन्छ। यसरी हरेक क्षेत्रमा उल्लेख्यीय योगदान दिँदै आएका युवाप्रति समाजले आशा र भरोसा राख्नु स्वाभाविक र न्यायपूर्ण पनि हो। वर्तमान समयमा नेपाली राजनीतिमा युवाको प्रवेश, र सक्रिय भूमिकाको अपेक्षा समाजले गर्नु जायज हो। नेपालको वर्तमान राजनीतिक परिवेशलाई हेर्दा अहिले हरेक वडा गाउँपालिकमा युवाहरूको संलग्नता



रहेको पाइन्छ। यसरी युवाको सहभागिता धेरै हुनु समाजकै लागि सुखद हो। अव समाजले राजनीतिक दलमा आबद्ध भएका युवाले आफ्नो नेतृत्वले गरेका कमी कमजोरी औँल्याई नेतृत्वलाई सही बाटोमा ल्याओस् भन्ने सोचेका हुन्छन्। समाजले चाहेको अर्को कुरा के हो भने युवाले राजनीतिक सहिष्णुता प्रदर्शन गरोस् र फरक विचार र सिद्धान्त बोक्ने अन्य दलको राम्रो पक्ष, कार्य र विचारको सम्मान गरी आफ्नै दल भए पनि यदि नराम्रो काम भएमा विरोध गर्न सक्नु पर्दछ। समाजले युवालाइ हरेक पाइला पाइलामा अवसर पाओस भनेर ढोका खुलाउँदै आएको देखिन्छ। सो ढोकावाट २०७४ सालमा वडा नं १६ मा भारी मत ल्याएर वडा सदस्यमा विजय प्रात्त गरेका हुन राजेश गुरुङ (राजु)। गुरुङले पाँच वर्षे कार्य कालमा जनताको विचमा आँखाको नानी बनेका थिए। उनै गुरुङले दुई वर्षमा नेपालले व्यहोर्न परेको कोरोनाको समयमा जनताको मुटु भएर कार्य गरे। कसैको घरमा ज्वोरो आयो सदस्य गुरुङ थर्ममिटर र सिटामल भएर पुग्दथे। कसैको मुखमा माड नपरेको खवर पाएकी राजेश अन्नको झोला वोकेर घरमा जाने उनको दिनचर्या बनेको थियो। वडा नं १६ जति ठूलो भएपनि वाटो, शिक्षा, स्वास्थ्य र युवा रोजगारको लागि उत्तम कदम चाल्ने राजेशले भने। वडा १६ मा भएका सरकारी विद्यालय, पर्यटकीय क्षेत्रलाइ अझ विशेष परिमार्जन गरी आधुनिक मैत्री बनाउने मुल उद्देश्य रहेको पाइन्छ। हरेक बाटोलाइ समय अनुसार परिमार्जन गर्नुको साथै विशेष गरी युवालाइ रोजगारीका ढोका खुलाइ विदेशीने परम्परालाइ घटाउँदै जाने कार्यक्रम ल्याइने गुरुङले भने। बृद्धालाइ पनि विशेष प्याकेज ल्याएर संरक्षण गर्ने कार्यक्रम ल्याइने अध्यक्ष गुरुङले वताए।

उनै राजेश गुरुङ पोखरा महानगरपालिका वडा नं १६ मा एमालेवाट वडा अध्यक्षमा उठेका छन्। उनै गुरुङ आफ्ना चार सदस्य लिएर केहीदिन अघिदेखि व्यापक रुपमा घरदैलो सुरु गरिराखेका छन्। गुरुङको साथमा क्रमश महिला सदस्यमा राजकुमारी बानियाँ, खुल्ला सदस्य द्धयमा रामचन्द्र आचार्य, रामकाजी गुरुङ, र दलित महिला सदस्यमा मञ्जु नेपाली लगायत सायौ कार्यकर्ता लिएर घरदैलो कार्यक्रमलाइ आइतवार सम्म जारी राखेका छन्।

## गठबन्धन...

११ उपमहानगरमा गठबन्धनका साझा उम्मेदवार छान्न सजिलो नभए पनि सबैले देशको समग्र राजनीतिक स्थितिलाई विचार गरेर नेपाली जनताको भाग्य र भविष्यप्रति इमान्दार भएर निर्णय उहाँले बताउनुभयो। गठबन्धनका साझा उम्मेदवारलाई विजयी गराउन उहाँले मतदातासमक्ष आग्रह गर्नुभयो। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले पाँच दलीय गठबन्धनले जनताको विश्वास जित्दै आएको बताउनुभएको छ।

चुनावी सभालाई सम्बोधन गर्दै उहाँले अहिलेको लोकतान्त्रिक र वामपन्थी गठबन्धन इतिहासको लामो कालखण्डमा खारिँदै आएको र प्रत्येक मोडमा आफ्नो विचार र व्यवहारबाट नै जनताको विश्वास जित्दै आएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "गठबन्धन गरेर हामीले राम्रो र सही काम गरेका छौँ। कांगेस र कम्युनिष्ट मिलेर नै विसं २००७ र विसं २०४६ सालको परिर्वतन गरेका हौँ। विसं २०६२ को जनआन्दोलन सफल पारेर गणतन्त्र स्थापना गर्दै संविधानसभाको चुनाव र संविधान निर्माण गरेर घोषणा पनि गठबन्धनबाट नै सम्भव भएको हो।" पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष नेपालले नेकपा (एमाले) का अध्यक्ष केपी ओलीले दक्षिणपन्थी र संविधान विरोधी गठबन्धन गर्दै दुई/दुई पटक संविधानको गलत व्याख्या गरेर प्रधानमन्त्रीको अधिकारको दुरुपयोग गरेर संसद् विघटन गरेको आरोप लगाउनुभयो।

अध्यक्ष नेपालले पोखरालाई पर्यटकीय नगरमा विकास गर्ने, तालतलैयाको संरक्षण र बस्तीलाई राम्रो बनाउने, रोजगारी प्रवर्द्धनसहित शिक्षा, र स्वास्थ्यका क्षेत्रमा विकासका लागि गठबन्धनका उम्मेदवारलाई विजयी गराउन आग्रह गर्नुभयो।

भ्रष्टाचार नगर्ने, सुशासनको प्रवर्द्धन, जनताको मन जित्ने, विश्वास जित्ने र जनतासँग निरन्तर भेटघाट गरिरहनसमेत उहाँले उम्मेदवारलाई सुझाव दिनुभयो।

संसारलाई आकर्षित गर्नसक्ने पोखरा महानगरको प्रमुख/उपप्रमुख पद धेरै महत्वपूर्ण रहेको उल्लेख गर्दै अध्यक्ष नेपालले फेवाताललाई जोगाउने र अतिक्रमण हटाउनु आवश्यक रहेको स्पष्ट पार्नुभयो। उहाँले तालको अतिक्रमण नहटाउँदासम्म पोखराको आफ्नो पहिचानलाई जोगाउन नसकिनेसमेत उल्लेख गर्नुभयो।

वैशाख ३० गतेको स्थानीय तह निर्वाचनमा पोखरा महानगरमा गठबन्धनबाट नेकपा (एकीकृत समाजवादी)का धनराज आचार्य प्रमुखमा र नेपाली कांग्रेसका कोपिला रानाभाट उपप्रमुखको उम्मेदवार हुनुहुन्छ।

# खेलाडी विवाद छानबिन समिति गठन

रासस
काठमाडौं, २६ बैशाख

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरी र बन्द प्रशिक्षण छाडेका खेलाडीबीचको विवादको सत्यतथ्य पहिचान गर्न कमिटी गठन गरेको छ।

एन्फाको आज बसेको कार्यसमिति बैठकले राष्ट्रिय टोलीबाट निकालिएका १० खेलाडी र प्रशिक्षकबीच भएको विवादको विषयमा सत्यतथ्य पत्ता लगाउन तीन सदस्यीय छानबिन समितिको गठन गरेको हो। एन्फाले नेपाली सेनाका पूर्वउपरथी तथा पूर्वखेलाडी भिक्टर राणाको संयोजकत्वमा तीन सदस्यीय कमिटी गठन गरेको हो। कमिटीमा पूर्वखेलाडी विदुर विष्ट र नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सङ्घका उपाध्यक्ष दीपक थापा हुनुहुन्छ। कमिटीले सात दिनभित्र छानबिन गरेर एन्फालाई प्रतिवेदन पेश गर्नेछ। मुख्य प्रशिक्षक अलमुताइरीको कार्यशैलीमा असन्तुष्टि जनाउँदै यही वैशाख १३ गते १० खेलाडीले बन्द प्रशिक्षण छाडेका थिए।

क्याम्प छाडेका खेलाडीले होटल सुविधाको माग राख्दा प्रशिक्षक अलमुताइरीले पटकपटक क्याम्प छाडेर जान भनेपछि आफूहरू बाध्य भएर प्रशिक्षण छाडेको खेलाडीले बताउँदै आएका छन्।

## पाँच दलीय...

त्रिपाठी, वडाध्यक्षका प्रत्यासी विष्णुबहादुर भट्टराई, साविक पोखरा नगरपालिकाका पूर्व उपमेयर क्या.मानबहादुर गुरुङ लगायतले बोलेका थिए। त्यस्तै भेलाको सञ्चालन पार्टीको वडा सचिव उमा भण्डारी रेग्मीले गरेकी थिइन् भने समापन पार्टीका वडाध्यक्ष बलराम पहारीले गरेका थिए।

# कांग्रेसले सबैलाई मिलाउने काम गरेको छ : नेता पौडेल

पोखरापत्र संवाददाता
दमौली, २५ बैशाख

नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले नेपालको राजनीतिमा कांग्रेसले सबैलाई मिलाउने काम गरेको बताउनुभएको छ।

तनहुँको शुक्लागण्डकी नगरपालिका-३ मा आज आयोजित चुनावी कोणसभामा उहाँले सबैलाई मिलाएर लैजान सक्ने क्षमता कांग्रेससँग मात्र रहेको जिकिर गर्नुभयो। नेता पौडेलले समाजमा विभाजन नभई एकता कायम गर्ने कांग्रेसको मूल ध्येय रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "बहुदलीय लोकतान्त्रिक व्यवस्थालाई संस्थागत गर्न, संविधान कार्यान्वयन गर्न सबैलाई मिलाएर हिँड्न चाहन्छौँ। कम्युनिष्ट पार्टीका नेताहरू कांग्रेसको नेतृत्व स्वीकार गरेर गठबन्धन गर्न आउनुभएको छ।" नेता पौडेलले एकताको विकास गर्नका लागि राजनीतिक ध्रुवीकरण बढाउने नभई घटाउनेतर्फ कांग्रेस लागेको उल्लेख गर्नुभयो। "विसं २०७४ मा कम्युनिष्टहरू मिलेर कांग्रेससँग प्रतिस्पर्धा गरे, त्यो गठबन्धन धेरै समय टिक्न सकेन, दुई तिहाईको सरकार कम्युनिष्टकै कारण विघटन भयो", उहाँले भन्नुभयो। नेता पौडेलले शुक्लागण्डकी नगरपालिकामा पनि गठबन्धन गरेर चुनाव लडेकाले उम्मेदवारलाई जिताउन सम्पूर्ण कार्यकर्तालाई आग्रह गर्नुभयो।

# पुम्दी भुम्दीमा बादर नियन्त्रणमा पहल गर्छु: अध्यक्षका प्रत्यासी बराल

पोखरापत्र संवाददाता
पोखरा, २५ बैशाख

पोखरा २२ (पुम्दी भुम्दी) मा बादर नियन्त्रणको लागि विशेष पहल गर्ने पोखरा २२ का साझा उमेदवार वडा अध्यक्षका प्रत्यासी हिमलाल बरालले बताएका छन्। यही वैशाख ३० गते हुने स्थानिय तहको निर्वाचनको लागि संचालन भएको प्रचार अभियान अर्न्तगत घर दैलो कार्यक्रममा स्थानियले बादर नियन्त्रण गर्न माग गरेसंगै अध्यक्षका प्रत्यासी बरालले बादर नियन्त्रणमा विशेष पहल गर्ने बताएका हुन।

स्वतन्त्र उमेदवार बरालले भूईकटहर चिन्हःमा आफुलाई स्थानियले मतदान गरी विजयी गराएको खण्डमा आफुले बादर नियन्त्रणको लागि बिउ पुंजिको रुपमा क्षतिपुर्तिको व्यबस्था, बैकल्पिक खेति वाली तथा कृषि बिमा लगायतका कार्यक्रम ल्याउने दाबी गरेका हुन्।



आइतबार घर दैलो कार्यक्रम अर्न्तगत सिमलटारी, साईस्वाँरा, फलेटे लगायतको क्षेत्रमा घर दैलो कार्यक्रम भएको माओबादी केन्द्रका नेता नवराज बरालले बताए। घर दैलो कार्यक्रममा अधिकांश स्थानियले सडक बाटो तथा खानेपानीको व्यबस्था गर्न समेत माग गरेको टोलीमा सहभागि कागेंस नेता प्रकाश बरालले बताए।

पोखरा २२ को अन्य सदस्यका प्रत्यासीमा काग्रेंसकी लक्ष्मी बराल महिला सदस्य, माओबादी केन्द्रकी कल्पना रसाइली दलित महिला सदस्यमा, खुल्ला सदस्यमा चेतभत्त बराल र हुम बहादुर गुरुङ रहेका छन्। समाजवादीको चुनाव चिन्हः कलम, काग्रेंसको रुख, माओबादीको हसिया हतौडा रहेको छ।

पोखराको आधार सबल अर्थतन्त्र र पुर्वाधार भन्ने नाराका साथ ५ दलीय गठबन्धनले पोखराको मेयरमा नेकपा एकिकृत समाजबादीका धनराज आचार्यलाई मेयरमा, कार्ग्रेकी नेतृ कोपिला रानाभाटलाई उपमेयरमा उमेदवारको रुपमा उठाएको छ। आचार्यको चुनाव चिन्हः कलम हो भने रानाभाटको चुनाव चिन्हः रुख हो।

# तर्साएर मत माग्न पाइन्न : अध्यक्ष ओली

रासस
काठमाडौं, २५ बैशाख

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचन स्वच्छ र निष्पक्ष हुनुपर्ने बताउनुभएको छ। पार्टी कार्यालयले आज यहाँ आयोजना गरेको पत्रकारसम्मेलनमा निर्वाचन भयरहित वातावरणमा हुनुपर्नेमा जोड दिनुभयो। उहाँले मतदातालाई तर्साएर मतदान माग्न नपाइने बताउनुभयो।

"आफूलाई मतदान नगर्नेलाई देश दुर्घटनामा जान्छ जस्ता अभिव्यक्ति दिएर मत माग्ने गरेको पाइयो", उहाँले भन्नुभयो, "मतदातालाई धम्काएर, तर्साएर मत माग्न पाइदैन, निर्वाचन स्वच्छ र निष्पक्ष हुनुपर्दछ।" उहाँले निर्वाचन आयोग निष्पक्ष हुनुपर्नेमा जोड दिनुभयो। पार्टी अध्यक्ष ओलीले स्थानीय तहलाई राष्ट्रियता, सामाजिक सद्भाव र सरकारप्रतिको जनविश्वासको प्रवर्धकका रूपमा विकास गर्न एमाले प्रतिबद्ध रहेको उल्लेख गर्दै स्थानीय स्रोतसाधनको पहिचान, संरक्षण, विकास र उपयोगको प्रस्थानविन्दु बनाउने अठोट एमालेले लिएको बताउनुभयो। "एमालेले स्थानीय तहलाई विकास र सामाजिक चेतना अभिवृद्धिको अभियन्ता बनाउनेछ, सबै पालिकालाई सामाजिक न्याय र समानताका लागि रूपान्तरणको सम्बाहकका रूपमा विकास गर्नेछ", उहाँले भन्नुभयो, "एमालेले विकास निर्माण र सेवा प्रवाहको कार्यान्वयनमा स्थानीय तहको नायकत्व विकास गर्नेछ, हामीले लोकतन्त्रलाई जीवन पद्दतिका रूपमा अवलम्बन गर्ने आधारस्तम्भको रूपमा स्थानीय तहलाई विकास गर्नेछौं।" 'समृद्ध नेपाल, सुखी नेपाली'को महान् राष्ट्रिय आकाङ्क्षा साकार पार्नका लागि सङ्घ र प्रदेशको निर्वाचन सुनिश्चित गर्दै एमालेको नेतृत्वमा सबै तहमा सरकार निर्माण गर्ने आधार तयार गर्न सूर्यमा मतदान गर्न उहाँले मतदातालाई गर्नुभयो। पूर्व प्रधानमन्त्रीसमेत रहनुभएका ओलीले जनताको मत नेपालको विकास र समृद्धिको सुनौलो युग ल्याउनका लागि चाहिने बताउनुभयो।

उहाँले कुनै दल विशेषलाई पराजित गर्नु एमालेका लागि प्राथमिक चासोको विषय नभइ नेपालको विकास गर्ने, नेपालीको इज्जत र प्रतिष्ठा बढाउने तथा नेपालको सार्वभौमसत्ता र अखण्डतालाई अक्षुण्ण राख्ने रहेको भनाइ राख्नुभयो। "राष्ट्रिय एकतालाई कमजोर पार्ने, कुनै नाम वा बहानामा अखण्डतालाई अपमान गर्ने र देशभक्तिलाई होच्याउने कुरा एमालेले कुनै हालतमा स्वीकार्दैन", उहाँले भन्नुभयो, "विविधतायुक्त नेपाली समाजमा सामाजिक सद्भाव, न्याय र समतामूलक व्यवहार कायम गरी राष्ट्रिय एकता मजबूत राख्ने क्षमता एमालेमा नै छ।"

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# पत्रकारिताको मर्यादा ननाघ

निष्पक्ष र भयरहित वातावरणमा निर्वाचनमा भागलिने मतदानको चाहना हो । पत्रकार र पत्रकारका संगठनले जनताको अधिकारको रक्षाका लागि आवाज बुलन्द गर्नुपर्छ । लोकतन्त्रको पहरेदार प्रेसले सधैं जनअधिकार खोस्ने विरुद्ध सशक्त आवाज उठाउँदै आएकोमा हो । पत्रकारिताको विकासको लागि पत्रकारिताका संघ संगठनको भुमिका कमजोर बनाउने काम सत्ता निकट पत्रकार संगठनले गरेपछि विरोध शुरु भएको छाजनतालाई भयभीत पार्ने, सामाजिक सद्भावको विरुद्ध बक्तब्यको विरोध जनस्तरबाट भए पछि निर्वाचन आयोगले चासो दिएको छ । आयोगले निर्वाचन आचारसंहिता विपरीत स्थानीय तह निर्वाचनका सन्दर्भमा मतदातालाई अपिल गरी विज्ञप्ति सार्वजनिक गर्ने विभिन्न पाँच पत्रकार सङ्गठनलाई चौबीस घण्टाभित्र स्पष्टीकरण पेश गर्न जवाफ माग गरेको छ ।

आयोगले नेपाल प्रेस युनियनका अध्यक्ष बद्री सिग्देल, प्रेस सेन्टर नेपालका अध्यक्ष विष्णु सापकोटा, समाजवादी प्रेस संगठन नेपालका अध्यक्ष शम्भु श्रेष्ठ, प्रेस मञ्च नेपालका अध्यक्ष केशव अर्याल र प्रगतिशील पत्रकार संघ नेपालका सचिव श्यामलाल पोखरेललाई स्पष्टीकरण सोधेको छ । निर्वाचन आचारसंहिता, २०७८ को दफा २२ मा सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने आचरणको खण्ड (ख) मा सञ्चार प्रतिष्ठान, सोमा सम्बद्ध कर्मचारी तथा पत्रकारले कसैको पक्ष वा विपक्षमा समाचार प्रकाशन वा प्रसारण गर्न नहुने व्यवस्था छ ।

सोही दफाको खण्ड (घ) मा सञ्चार प्रतिष्ठान, सोमा सम्बद्ध कर्मचारी तथा पत्रकारले राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारको लागि निःशुल्क वा प्रायोजित विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नहुने व्यवस्था छ । ' स्वतन्त्र पत्रकारहरुको पेशागत संगठनको तर्फबाट तपाईंले हस्ताक्षर गरी विज्ञप्ति जारी गर्नु निर्वाचन आचारसंहिता विपरित हुन्छ, हुँदैन ? स्वतन्त्र पत्रकारको पेशागत संगठनको अध्यक्ष/सचिवले कुनै अमुक राजनीतिक दलको/दलहरूको पक्ष वा विपक्षमा विज्ञप्ति जारी गर्न मिल्छ, मिल्दैन ?' आयोगको स्पष्टीकरणमा उल्लेख गरेको छ । पत्रकारलाई आचारसंहिता पालना गराउने नियामक निकाय प्रेस काउन्सिलले चासो देखाउने र सचेत गराउने काम गरेको छाकाउन्सिलले विशेष अपिल जारी गर्दै कतिपय पत्रकार, पत्रकारसम्बद्ध पेसागत सङ्घसङ्गठनका जिम्मेवार पदाधिकारी समेतबाट स्वतन्त्र मतदातालाई प्रभावित पार्नेगरी अभिव्यक्ति दिनेक्रम नरोकिँदा स्वतन्त्र पत्रकारितामाथि नै गम्भीर प्रश्न उठेको जनाएको छ । काउन्सिलले पत्रकार र सम्बद्ध संस्थालाई सचेत गराउँदै यस्तो कार्य नगर्नरनगराउन भनेको छ ।

'पत्रकार एवम् पत्रकारितासँग सम्बन्धित संस्थाले यसप्रकारका स्टाटस् राख्ने, विज्ञप्तिरअपिल जारी गर्ने या अभिव्यक्ति दिने, यो वा त्यो दलको पक्ष विपक्षमा पत्रकार पत्रकारबिच नै विभिन्न माध्यमबाट वाद-प्रतिवाद गर्ने कार्यले पत्रकार आचारसंहिताको ठाडो उल्लङ्घन भएको छ,।' जारी 'यस्ता कार्यले स्वतन्त्र पत्रकारितामाथि नै गम्भीर प्रश्न उठाएका हुँदा यस्तो कार्य नगर्न/नगराउन, प्रेस स्वतन्त्रताको रक्षा गर्न प्रेस काउन्सिल नेपाल सञ्चार माध्यम, आमपत्रकार, सञ्चारकर्मी, सामाजिक सञ्जालका प्रयोगकर्ता (पत्रकार) हरूलाई सचेत गराएको छ ।

# बन्दोबस्तीका सामग्रीसहित मतदान केन्द्रमा खटाइयो सुरक्षाकर्मी

**पोखरापत्र संवाददाता**
**बागलुङ, २५ बैशाख**

स्थानीय तह निर्वाचनका लागि बागलुङमा बन्दोबस्तीका सामग्रीसहित सुरक्षाकर्मी र कर्मचारी खटाइएको छ । सो स्थानीय तह निर्वाचनको लागि मतदान केन्द्रमा २७ गतेसम्म पुग्ने गरी सुरक्षाकर्मी र कर्मचारी खटाइएको छ ।

जिल्लामा निर्वाचनका लागि आएको मतपत्र, मतपेटिकासहितको ६१ प्रकारका सामग्री निर्वाचन अधिकृतलाई धमाधम हस्तान्तरण गरिएको छ । बागलुङको दुर्गम स्थानका मतदान केन्द्रमा खटाइएका कर्मचारीले धमाधम मतदानका लागि आवश्यक मतपत्र र मतपेटिकासहितका ६१ प्रकारका सामग्री बुझाएर केन्द्रमा खटाउन थालिएको जिल्ला निर्वाचन कार्यालय बागलुङका सूचना अधिकारी गकुलप्रसाद शर्माले जानकारी दिनुभयो ।

"जिल्लामा ४६० मतदान अधिकृत र सहायक अधिकृतलाई सामग्रीसहित बुझाउन थालिएको छ, टाढा टाढा केन्द्रका जाँदै गर्नुहुन्छ, नजिकका केन्द्रका २७ गतेसम्म पुग्नेछन् । सूचना अधिकारी शर्माले भन्नुभयो, "मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई शनिबार नमूना मतदान गरेर पठाएका छौं, अन्य कर्मचारी स्थानीय पालिकाका हुन्छन्, उतैबाट खटिन्छन् ।"

मतदान अधिकृत, सहायक मतदान अधिकृत, मतदानस्थलमा मतदाता सङ्ख्याको आधारमा स्थानीय पालिकाका कर्मचारी र ६९० स्वयंसेवक गरी एक हजार ९०० कर्मचारी खटाइएको छ । मदतान केन्द्रमा एक हजार १५० कर्मचारी, १० निर्वाचन अधिकृतको कार्यालयमा ९० र ६९० स्वयंसेवक गरी एक हजार ९३० कर्मचारी परिचालन गरिएको छ । दुई सय ३० मतदान केन्द्रमा तीन जनाका दरले ६९० जना स्वयंसेवक स्थानीय खटाइनेछन् । जिल्लामा निर्वाचनलाई भयरहित बनाउनका लागि सुरक्षा व्यवस्था चुस्त बनाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक दयानिधि ज्ञवालीका अनुसार मतदान केन्द्रमा शनिबारदेखि नै सुरक्षाकर्मी परिचालन गरिएको छ । उनीहरूलाई बन्दोबस्तीका सामग्रीसहित शनिबार बागलुङ बजारबाट केन्द्रतर्फ पठाइएको छ । "हामीले जिल्लाका १०३ मतदानस्थलमा सुरक्षा व्यवस्था चुस्त बनाउनका लागि प्रमुख जिल्ला अधिकारीको नेतृत्वको समितिले स्थलगत अनुगमन गरिरहेका छौं, हामीले मतदानस्थललाई अति संवेदशनशील, संवेदनशील र सामान्य गरी विभाजन गरेका छौं", ज्ञवालीले भन्नुभयो, "सोही अनुसार फरक-फरक सुरक्षा योजना छ, त्यहीअनुसार सुरक्षाकर्मी परिचालन गरेका छौं, आइतबारदेखि मतदानस्थलको सुरक्षा दिन थालिसकेको छ, विस्तारै २७ गतेसम्म पूर्ण सुरक्षा दिन्छौं ।" ज्ञवालीका अनुसार जनताले ढुक्क भएर मतदान गर्ने वातावरण तयार गर्न कुनै कसुर बाँकी राखिएको छैन । जिल्लामा ७०० नेपाल प्रहरी, ९८३ म्यादी प्रहरी, सशस्त्र प्रहरी ३३० र नेपाली सेना ५५० गरी दुई हजार ५६३ सुरक्षाकर्मी परिचालन गरिएको छ । निर्वाचनको पूरै सुरक्षा व्यवस्थाको जिम्मा भने नेपाल प्रहरीलाई दिइएको छ । म्यादी प्रहरीको सहयोगमा नेपाल प्रहरीले निर्वाचनमा सुरक्षा दिइनेछ। मतदान केन्द्रमा म्यादीसहित प्रहरी परिचालन गरिने छ भने बाहिरी घेरामा सशस्त्र प्रहरी खटाइनेछ । मतदानस्थल नजिकै नेपाल आर्मी परिचालन गरिने छ। मतदानस्थलको भौगोलिक अवस्था, अघिल्ला निर्वाचनको गतिविधि, मतदाता सङ्ख्या, स्थानीय नागरिकको अवस्थालाई ध्यानमा राखेर सुरक्षाकर्मी पठाइएको छ । दश पालिका रहेको जिल्लामा बागलुङमा एक लाख ९३ हजार २२६ मतदाता, २३० मतदान केन्द्र र १०३ मतदानस्थल रहेको छ ।

# पोखरा १० का मतदाता गठबन्धनलाई जिताउन आतुर

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ बैशाख**

पोखरा महानगरपालिका १० का मतदाताहरु यो पटक गठबन्धनलाई भोट दिन आतुर छन् । अघिल्लो स्थानिय तहको निर्वाचनदेखि नै नेपाली कांग्रेसलाई भोट दिएका उनीहरु यो पटक पनि ५ दलीय सयुक्त गठबन्धनलाई भोट दिने भएका छन् ।

गठबन्धनको चुनावी प्रचारप्रसारका क्रममा नागिन टोलमा आयोजित चुनावी कोण सभामा सहभागी वडाबासीहरुले गठबन्धनलेनै मुलुकको निकास दिने भएकाले आफूहरुको रोजाईमा परेको बताएका थिए । भुमिहिनको पक्षमा आवाज उठाउने नेतृत्वलाई जिताएर आफ्नो हक अधिकार सुनिश्चित गराउने वडा नम्बर १० बासीको भनाई थियो । कार्यक्रममा संयुक्त गठबन्धनबाट मेयरका उम्मेद्वार धनराज आचार्यले नागिन टोल लगायत अन्य सुकुम्बासी टोलको समस्यासँग पहिला देखि नै जानकार रहेकाले गठबन्धनलाई जिताएमा निकासको बाटो खोज्ने बताए । उनले आफ्नो नेतृत्व सधैं पोखराका भुमिहिनहरुको पक्षमा रहने वताउदै यो पटकको चुनावमा गठबन्धनलाई जिताउन आग्रह गरे । नेपाली कांग्रेसबाट वडाध्यक्ष भएका राजकुमार गुरुङको नेतृत्वले थालेको काम पुरा गर्न पनि यो पटक वडामा नेपाली कांग्रेस र मेयर उपमेयरमा गठबन्धनलाई भोट दिन उनको आग्रह थियो । पोखरा १० मा वडाका उम्मेदवारहरु सबै नेपाली कांग्रेसबाट छन् ।

उपमेयरकी उम्मेदवार कोपिला रानाभाटले नागिन टोलमा भएका लालपुर्जा समस्या समाधान गर्न पहल गर्ने बताएकी छिन् । वडाको टिमसहित मेयर उपमेयरलाई विजयी गराएमा सुकुम्बासी समस्या हल गर्न गठबन्धनको टिम बसेर कार्यक्रम र योजना तय गर्न सहज हुने भएकाले सिंगो टिमलाई मतदान गर्न उनले सुझाईन् । आफूले जितेमा न्यायसम्पादनको काम चुस्त दुरस्त बनाउनेदेखि महिला, वालवालिका, अशक्त, असहाय, वृद्ध, अगांगहरुको हितमा काम गर्ने उनको प्रतिवद्धता थियो ।

वडाध्यक्षका उम्मेदवार राजेश गुरुङले वडाको विकास र सुशासन चाहने मतदाताहरुको वडा भएकाले पनि प्रजातन्त्र र लोकतन्त्रको पक्षमा वकालत गर्ने पार्टी नेपाली काँग्रेसलाई मत गर्न बताए । 'काँग्रेसले गएको स्थानीय निर्वाचनमा जीत हासिल गरी वडाबासीको हितमा काम गरेकोले यस पटकको निर्वाचनमा पनि मत दिएर मेरै प्यानललाई विजयी गराउनेछन्,' उनले भने ।

यो पटक पहिलो चुनाव चिन्ह कलममा एकिकृत समाजवादीतर्फका मेयरका उम्मेदवार धनराज आचार्य र दोस्रो चुनाव चिन्ह रुखमा नेपाली कांग्रेसबाट उपमेयरकी उम्मेदवार कोपिला रानाभाट त्यसपछि वडाध्यक्ष र वडासदस्यहरुलाई क्रमैसँग रुखमा मतदान गर्न गुरुङले मतदाताहरुलाई आग्रह गरे । पोखरा १० मा नेपाली काँग्रेसबाट वडा अध्यक्ष राजेश गुरुङ नेतृत्वमा सदस्यमा उम्मेदवारहरु परमेश्वरबहादुर कार्की, नरदेवी गुरुङ, पूर्णचन्द्र न्यौपाने र सुनीमाया नेपाली चुनावी अभियानमा छन् । घरदैलो अन्तर्गत आईतबार पोखरा १० को जनप्रिय टोल, मिलन टोल र नागिन टोल लगायत टोलहरुमा कार्यक्रम भएको थियो ।

# कामीरिताको २६ औं पटक आरोहणको कीर्तिमान

**रासस**
**काठमाडौं, २५ बैशाख**

यस वर्षको वसन्त यामको सगरमाथा (८,८४८.८६ मि) हिमाल आरोहणण सुरु भएको छ। शेर्पा आरोही समूहले शनिबार सगरमाथाको चुचुरामा डोरी टाँग्ने (रोप फिक्सिङ) को काम सपफलतापूर्वक सम्पन्न गरेसँगै सगरमाथा आरोहणको ढोका खुलेको हो ।

रोप फिक्सिङका क्रममा कीर्तिमानी आरोही कामीरिता शेर्पाले २६ औं पटक सगरमाथाको सफल आरोहण गरी यसअघिको आफ्नै कीर्तिमान तोड्नुभएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र पर्यटन विभागले वसन्त यामको सगरमाथा आरोहण सुरु भएको जनाएको छ। विभागको पर्वतारोहण शाखाका निर्देशक सुर्यप्रसाद उपाध्यायले यस वर्षको सगरमाथा आरोहण शनिबारदेखि शुरु भएको र अहिले करिब ९० प्रतिशत आरोही सगरमाथाको आधार शिविरमा रहेको जानकारी दिनुभयो ।

"सगरमाथामा रोप फिक्सिङको काम सकिएपछि सगरमाथा आरोहण सुरु भयो, कामीरिता शेर्पाले सगरमाथाको २६ पटक आरोहण गरेर कीर्तिमान बनाएको भन्ने जानकारी आएको छ, यसबारे विभागले प्रक्रिया पुऱ्याएर फेरिभाई गरेपछि मात्रै घोषणा गर्छौं", उहाँले भन्नुभयो । निर्देशक उपाध्यायले कामीरिताको आरोहण सम्बन्धमा एजेन्सीमार्फत यो मितिमा यसरी चढेको भन्ने पूर्ण विवरणपश्चात मात्रै विभागले कीर्तिमानको घोषणा गर्ने बताउनुभयो । सगरमाथा आरोहणका लागि अहिले मौसम अनुकूल रहेकाले सर्वाधिक आरोहण हुने विभागको अनुमान छ । अहिले आरोहणका लागि मौसम राम्रो रहेको जनाइएको छ ।

सेभेन समिट ट्रेक्स प्रालिबाट गएका ११ शेर्पा आरोहीले सगरमाथाको चुचुरोमा रोप फिक्सिङ गरेको हो । शनिबार साँझ ६:५५ बजे सगरमाथाको चुचुरोमा पुगेर आरोहीले यो वर्षको आरोहण खुलेको सन्देश दिएका थिए । अघिल्लो वर्षको वसन्त आरोहण पनि वैशाख २४ गतेदेखि सुरु भएको थियो । विभागको पर्वतारोहण शाखाका अनुसार सगरमाथा आरोहणका लागि ३९ आरोही समूहका ७३ महिला र २४३ पुरुष गरी कूल ३१६ जनाले आरोहण अनुमति 'एक्सिपीडिसन पर्मिट' लिएका छन् । सगरमाथा आरोहणबाट मात्रै रु ३९ करोड ५५ लाख बढी रोयल्टी जम्मा भएको छ । यो सिजनमा सगरमाथासहितका विभिन्न २५ हिमाल तथा चुली आरोहणका लागि ११३ आरोही समूहका २०० महिला र ७१८ पुरुषसहित कूल ९१८ आरोहीले अनुमति पाएका छन् । अघिल्लो वर्ष सन् २०२१ को वसन्त यामको सगरमाथा आरोहणमा हालसम्मकै सर्वाधिक ४३ आरोही समूहले आरोहण अनुमति लिएका थिए । यो वर्षपनि कोभिडपछि पर्यटन क्षेत्र चलायमान बनिरहेको र पर्वतारोहणका लागि अनुकूल मौसम भएकाले आरोही बढ्न नसक्ने पर्यटन विभागको अनुमान छ । नेपाल पर्वतारोहण सङ्घका निवर्तमान अध्यक्ष एवम वरिष्ठ पर्यटन व्यवसायी आङ्छिरिङ शेर्पाले कोभिड कहरपछि विस्तारै पर्यटनका अन्य क्षेत्रजस्तै पर्वतारोहणमा पनि उत्साह थपिएको बताउनुभयो ।

## पोखरा महानगरपालिका, नगरकार्यपालिकाको कार्यालयको शिक्षा महाशाखा, ड्यामसाइड पोखराको सूचना

पोखरा महानगरपालिका वडा नं. १४ मा संचालित श्री किड्स होम मन्टेश्वरी प्रि स्कुल साझेदारी रुपमा संचालन भई आएकोमा अबबाट सुर्जु थापाको एकल लगानी तथा शेयरबाट संचालन गर्न यस महाशाखामा निवेदन पेश भएकोले एकल रुपमा संचालन गर्न कोही कसैको दावी विरोध भए शिक्षा महाशाखामा यसै सूचना प्रकाशन भएको मितिले पैतिस दिनभित्र दाबी विरोधको प्रमाण सहित निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि सूचना गरिन्छ । पुनश्चः म्याद नाघि आएको निवेदन सम्बन्धमा कुनै कारवाही हुने छैन ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १२ माछापुच्छ्रे टोल सडक ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

योजनाको नामः माछापुच्छ्रे टोल सडक ढलान
स्थानः पोखरा–१२ कास्की
योजना सम्झौता मिति : २०७८/१२/७
योजना सम्पन्न हुने मिति :२०७९/२/१५
योजना सम्पन्न भएको मिति :२०७९/१/७
योजनाको कुल लागत : २०,००००० /–
पोखरा महानगरपालिकाबाट प्राप्त : १४,००००० /–
जनसहभागिता : ६,००००० /–
कुल खर्च : २०,०२५६६ /–
उपभोक्ता समिति अध्यक्ष : ध्रुव श्रेष्ठ सचिव : निर्मला श्रेष्ठ
कोषाध्यक्ष : नारायण प्रसाद गुरुङ

**माछापुच्छ्रे टोल विकास समिति**
**पोखरा-१२ कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १९ भक्तिपथ स्थितका ७०० मि. शाखा बाटो निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

योजनाको नामः भक्तिपथ स्थितका ७०० मि. शाखा बाटो निर्माण
स्थानः पोखरा–१९ कास्की
योजना सम्झौता मिति : २०७८/१२/२९ गते
योजना सम्पन्न हुने मिति : २०७९/०३/१५ गते
योजनाको कुल लागत : रु. १०,००,०००।–
महानगरपालिकाबाट प्राप्त रकम : रु. ५,००,०००।–
उपभोक्तावाट : रु.५,००,०००।–
उपभोक्ता समिति अध्यक्षः खिम बहादुर गुरुङ
जम्मा उपभोक्त समिति सदस्यः ९
महिला सदस्यः ३ पुरुष सदस्यः ६

**भक्तिपथ स्थितका ७०० मि. शाखा बाटो निर्माण**
**उपभोक्ता समिति पोखरा-१९ कास्की**

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : मन चञ्चल | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : शारीरिक झमेला | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## अर्जेन्ट चाहियो

'New Branch'
**अफिसको लागि**
साधारण लेखपढः ३ जना
+ 2 above : ४ जना
SLC: ५ जना
तलबः १२,५०० देखि १८,५०० सम्म
सम्पर्कः
९८०६५४८०४९
९८५६०३२३५१

# मतदान केन्द्रमा मतदान अधिकृत खटाउने तयारी

पोखरापत्र संवाददाता
दमौली, २५ बैशाख

आसन्न स्थानीय तह निर्वाचनका लागि तनहुँमा मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई कार्य क्षेत्रमा खटाउने तयारी गरेको छ ।

उनीहरूलाई तालिम दिएर सम्बन्धित मतदान केन्द्रमा खटाउने तयारी गरिएको मुख्य निर्वाचन अधिकृतको कार्यालय तनहुँले जनाएको छ ।

जिल्लाका १३६ मतदानस्थलका २९७ मतदान केन्द्रमा मतदान र सहायक मतदान अधिकृत खटाइँदैछ । निर्वाचनमा खटिने २९७ मतदान र २९७ सहायक मतदान अधिकृतलाई शुक्रबार र शनिबार तालिम प्रदान गरिएको जिल्ला निर्वाचन कार्यालय तनहुँका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो । मुख्य निर्वाचन अधिकृतको कार्यालयले सबै मतदान केन्द्रमा खटिने मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक र कार्यालय सहयोगीको नामावली शनिबार नै प्रकाशित गरेको छ । ती कर्मचारीलाई नियुक्तिपत्र, मतपत्र र आवश्यक निर्वाचन सामग्री हस्तान्तरण गरी मतदानकेन्द्रमा पठाइने उहाँले बताउनुभयो ।

मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश हरिशचन्द्र ढुङ्गानाले निर्वाचनमा खटिने कर्मचारीले निष्पक्ष भएर जिम्मेवारी पूरा गर्नुपर्ने बताउनुभयो । उहाँले आचारसंहितामा बाँधिएर निर्वाचनलाई सम्पन्न गराउनेतर्फ ध्यान दिन आग्रह गर्दै भन्नुभयो, “निर्वाचनमा खटिएपछि सबैले आफ्नो आस्थालाई बिर्सिनुपर्छ, सबैलाई समान नजरले हेरेर निष्पक्षरूपमा निर्वाचन सम्पन्न गराउनेतर्फ लाग्नुपर्छ ।” प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले निर्वाचनलाई भयरहित बनाउन सुरक्षा अवस्था मजबुद बनाइएको भन्दै ढुक्क भएर निर्वाचनमा सहभागी हुन आग्रह गर्नुभयो । “मतदान केन्द्रमा सुरक्षाको अवस्था मजबुद बनाइएको छ, सुरक्षामा कुनै कसुर बाँकी राखिदैन”, उहाँले भन्नुभयो, “ढुक्क भएर निष्पक्षरूपमा जिम्मेवारी वहन गर्नेतर्फ ध्यान दिनुहोला ।” मतदान केन्द्रलाई अति संवेदनशील, संवेदनशील र सामान्यरूपमा वर्गीकरण गरी सोहीअनुसारको सुरक्षा प्रबन्ध मिलाइएको प्रजिअ अर्यालले बताउनुभयो । प्रहरी उपरीक्षक राजेन्द्रबाबु रेग्मीले हरेक मतदान केन्द्रमा प्रहरी परिचालित हुने भएकाले ढुक्क हुन आग्रह गर्नुभयो । निर्वाचनमा कुनै शङ्कास्पद गतिविधि भएको पाइए तत्कालै प्रहरीलाई खबर गर्न उहाँले अनुरोध गर्नुभयो । “हरेक मतदान केन्द्रमा प्रहरी परिचालन गरिएको छ, सुरक्षा प्रबन्ध चुस्त बनाइएको छ”, उहाँले भन्नुभयो ।सशस्त्र प्रहरी उपरीक्षक सूर्यप्रसाद अर्यालले शान्तिपूर्णरूपमा चुनाव सम्पन्न गराउन प्रहरी तत्पर रहेको बताउनुभयो । तालिममा कानुनी, व्यवहारिक र सैद्धान्तिक पक्षबारे जानकारी दिइएको छ । मतदान अधिकृत र सहायक मतदान अधिकृतले गर्नुपर्ने काम, कर्तव्य, अधिकारको क्षेत्र तथा मतदान केन्द्र निर्माण गर्ने तरिकाको विषयमा सिकाइएको निर्वाचन कार्यालयका प्रमुख ढकालले बताउनुभयो ।

मतदान केन्द्रमा पुग्नुअघि र पुगेपछि गर्नुपर्ने काम, मतदातालाई भित्र भोट हाल्न कसरी पठाउने, भोट हालिसकेपछि सुरक्षित कसरी बाहिर ल्याउने, निर्वाचन सकिएपछि के-के गर्नेलगायत विषयमा तालिममा जानकारी गराइएको छ । जिल्लाका मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक, सहयोगी र अन्य गरी दुई हजार ३७६ जनशक्ति परिचालन गरिनेछ । निर्वाचनका लागि २९७ मतदान अधिकृत, २९७ सहायक मतदान अधिकृत, ५९४ सहायक, २९७ सहयोगी परिचालन हुनेछन् । त्यसका साथै मतदान केन्द्रमा ८९१ कर्मचारी नियुक्त गरिएको छ ।

तनहुँमा दुई लाख ४४ हजार ३४० मतदाताले मतदान गर्दैछन् । गत स्थानीय तह निर्वाचनमा भन्दा यसपटक ४९ हजार ८६९ बढी मतदाता थपिएका छन् । विसं २०७४को स्थानीय तह निर्वाचनमा जिल्लामा एक लाख ९४ हजार ४७१ मतदाता रहेका थिए ।

# ड्यामको मर्मत सम्भार गरेर ताल संरक्षण गर्नेछु: मेयरका उमेद्वार थापा

पोखरापत्र संवाददाता
पोखरा, २५ बैशाख



पोखरा २३ का वडावासी वैशाख ३० को प्रतिक्षामा छन् । नेपाली काँग्रेसका जनप्रतिनिधिले ५ वर्षसम्म वडा नं २३ वासीको लागि विकास निर्माणका काम नगरेकोले वडावासी असन्तुष्टि भएको र वैशाख ३० मा एमाले उमेद्वारलाई सूर्य चिन्हमा भोट दिएर जिताउन आतुर भएका हुन् । वडावासीले अहिलेसम्म काँग्रेसलाई भोट दिएर गल्ती भएकोमा आत्मालोचना गरेका छन् र अब गल्ती नदोर्‍याउने वचन दिएका छन् ।

पोखरा महानगरपालिकाका एमालेका मेयर र उपमेयर सहितको घरदैलो र कोणसभामा २३ नंका वडावासीले सूर्य चिन्हमा मत दिएर एमाले उमेद्वार जिताउने वचन दिएका हुन् । भुगोलको हिसाबको ठूलो रहेको पोखरा महानगरको वडा नं २३ मा अहिलेसम्म कुनै पनि सडक पिच छैन भन्दा फरक पर्दैन । केही दुरी पिच बनाएको बाटो पनि सबै भत्किएर कच्ची जस्तै भएको छ ।

आसन्न वैशाख ३० गते हुने स्थानीय चुनाव केन्द्रित कोणसभामा महानगरका मेयर पदका एमाले उमेद्वार कृष्णबहादुर थापाले वडा २३ को मुख्य सडक पिच गर्ने प्रतिवद्वता व्यक्त गरेका छन् । उनले हर्पन खोला, खहरे खोलाले मानव बस्ती तथा खेतीयोग्य जमिनका गरेको क्षति तथा फेवाताल पुर्ने समस्यालाई न्युनिकरण गर्न तटबन्धको व्यवस्था गर्ने, बिग्रिएको सिल्टेसन ड्यामको मर्मत सम्भार गरेर ताल संरक्षण गर्ने, हल्लनचोकबाट घाँटिछिना जाने बाटोका साखा बाटोको स्तरोन्नती गर्ने प्रतिवद्वता जनाएका छन् । ३ वटा मतदानस्थल रहेको वडा नं २३ मा भौगोलिक हिसाबले ठूलो भए पनि महागरपालिकाबाट पाउने सेवा सुविधा कम पाएको वडाको आवश्यकता अनुसार माग सम्बोधन गर्ने उपमेयर पदका उमेद्वार मञ्जुदेवी गुरुङले स्पष्ट पारिन् । काँग्रेस जनप्रतिनिधि भएको उक्त वडामा प्राय विकासका काम खासै हुन नसकेकोले अब स्रोत साधन जुटाएर महानगरको सहयोग लिएर विकास गर्ने, बाटो निर्माण, सिँचाईको व्यवस्था लगायतका काममा प्राथमिकता दिने वडाध्यक्ष पदका एमाले उमेद्वार शिवलाल पराजुलीले प्रतिवद्वता जनाए । उनले पर्यटन प्रवर्द्धनको लागि सिद्धबराह मन्दिरमा १ सय ८ फिटको अग्लो हनुमानको मुर्ति बनाउने उद्घोष गरे । नेकपा एमाले वडा कमीटीका अध्यक्ष चेतनाथ भण्डारीले घरदैलोका क्रममा बस्ती र जनसंख्याको हिसाबले विकासका काम नभएकाले असन्तुष्ट वडावासीले यो पटक सूर्य चिन्हमा मतदान गर्ने प्रतिकृया दिएको बताए । स्थानीयहरु स्वस्फुर्त रुपमा भौतिक र सामाजिक रुपले घरदैलोमा सहभागी भएको उनको भनाई छ ।

वडा नं २३ मा एमालेको तर्फबाट अध्यक्षका उमेद्वार शिवलाल पराजुली, सदस्य चेतबहादुर क्षेत्री, शान्ति पराजुली, रीता सुनार र फबेन्द्र कुमार गुरुङ छन् ।

# व्यवस्थित बस्ती विकासमा एमाले पोखरा २९ को प्रथमिकतामा

पोखरापत्र संवाददाता
पोखरा, २५ बैशाख

स्थानीय तहको चुनावी अभियान अन्तरगत नेकपा एमाले पोखरा महानगरपालिका वडा नं २९ को घरदैलो कार्यक्रम अन्तिम चरणमा पुगेको छ । घरदैलो अभियानमा आफ्ना चुनावी एजेण्डासहित उमेद्वारले विकास र निकासका कुरा सुनाउँदै जनताको सेवामा लाग्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

यसै क्रममा आइतबार पोखरा २९ को पट्नेरीमा भएको घरदैलोसहितको चुनावी कोण सभामा वडाअध्यक्ष पदका उमेद्वार श्रीप्रसाद गुरुङले अव्यवस्थित बस्तीलाई व्यवस्थित गरेर एमाले सरकारमा भएको समयमा अगाडि सारेको सुकम्वासी समस्याको समाधानका लागि आफूले पहिलो प्रथमिकतामा राख्ने विश्वास व्यक्त गरेका थिए ।

आसन्न वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको प्रचारप्रसारको अभियान तीव्र रुपमा अगाडि बढिरहेको अवस्थामा सूर्यमुखी तमु समाजले नेकपा एमाले पोखरा २९ र ३० का उमेद्वारको परिचयात्मक कार्यक्रमसहित संयुक्त रुपमा सम्मान गरेको छ ।

कार्यक्रममा बोल्दै नेकपा एमाले कास्कीका अध्यक्ष मनबहादुर गुरुङले विकासको मुलमर्म नेकपा एमालेका एजेण्डामा भएकाले सबै तमु समुदायले गठबन्धनलाई घुडा टेकाउने गरि आफ्नो मतबाट विकास र अग्रगामी सोच भएको पाटीलाई जिताउन आग्रह गरेका थिए । सोही अवसरमा नेकपा एमाले पोखरा महानगरपालिका वडा नं ३० वडाअध्यक्षका उमेद्वार सोमनाथ बास्तोलाले गत वर्ष पनि आफ्नो पाटीले विजय प्राप्त गरेपछि गरेका विकास निर्माणका अधुरा कामलाई पुरा गर्ने वाचा बन्धनका साथ टोल टोलमा देखिएका समस्यालाई जनस्तरबाट बुझ्ने र निर्वाचन पछि ती समस्यालाई पूर्ण गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

गत २०७४ सालको स्थानीय निर्वाचनमा एमालेले विजय प्राप्त गरेको वडा नं २९ मा यस पटक वडाअध्यक्षमा श्रीप्रसाद गुरुङ, महिला सदस्यमा निर्मला पौडेल, दलित महिला सदस्यमा सुकमाया सुनार र सदस्यमा कालिदास पोखरेल र क्षेत्रबहादुर गरुङको उमेद्वारी छ भने वडा नं ३० बाट वडाअध्यक्षमा सोमनाथ बास्तोला, महिला सदस्यमा भीमकुमारी पुन, दलित महिला सदस्यमा उमा परियार र वडा सदस्यमा प्रेमराज बसौला र नवराज भटराईको उमेद्वारी छ ।

## श्री मालपोत कार्यालय लेखनाथ, कास्कीबाट जारी गरिएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

कास्की जिल्ला पोखरा म.न.पा. ३३ बस्ने सर्वन्दको बुहारी जयलाल पोखेलको श्रीमती भिमकला पोखेलको द.न. ६९०२ मिति २०७९/१/२ को नामसारी माग निवेदन अनुसार मार्कण्डको बुहारी नित्यानन्दको श्रीमती विष्णुमायाको नाममा दर्ता कायम रहेका भरतपोखरी ६ कि.नं. ८३१ क्षे.फ. ०-४-२-१, र मार्कण्डको बुहारी मित्रलालको श्रीमती विष्णुमाया पोखरेलको दर्ता कायम रहेका भरतपोखरी ५ कि.नं. ७०४ क्षे.फ. ०-१४-१-३, ऐ कि.नं. ७०६ क्षे.फ. ०-६-२-२, ऐ कि.नं. ७०८ क्षे.फ. ०-४-२-३, ऐ कि.नं. ७१६ क्षे.फ. ०-६-०-२, ऐ कि.नं.७२१ क्षे.फ. ०-५-०-०, ऐ कि.नं. ७२३ क्षे.फ. ०-४-०-०, ऐ कि.नं. ७८६ क्षे.फ. २-१५-२-२ जग्गाका जग्गाधनी विष्णुमाया आफ्नी माईली सासु भएको, विष्णुमायाको श्रीमान नित्यानन्दको २०२७ सालमा मृत्यु भएको। विष्णुमायाको नामको जग्गाधनी प्रमाण पुर्जामा पतिको नाम कतै नित्यानन्द कतै मित्रलाल भएता पनि व्यक्ति एउटै भएको। विष्णुमायाका सन्तान कसैको जाय जन्म नभएको र निजको हकवाला र निजलाई लालन पालन गर्ने आफु भिमकला पोखेल मात्र भएको, आफु बाहेक उल्लेखित जग्गाको अन्य हकवाला नभएको भनि नामसारी निवेदन माग गरेकोमा उल्लेखित जग्गाका अन्य कोही हकदार भएमा यो सूचना प्रकाशन भएको ३५ दिनभित्र प्रमाण सहित हकदावी गर्न आउनुहोला। अन्यथा निवेदकको मागदावी बमोजिम नियमानुसार भई जाने व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गरिन्छ।

ईति संवत् २०७९ साल बैशाख २५ गते रोज १ शुभम्।

## श्री मालपोत कार्यालय लेखनाथ, कास्कीबाट जारी गरिएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

कास्की जिल्ला पोखरा म.न.पा. ३३ बस्ने सर्वन्दको बुहारी जयलाल पोखेलको श्रीमती भिमकला पोखेलको द.न. ६९०२ मिति २०७९/१/२ को नामसारी माग निवेदन अनुसार मारकण्डेको नाती कुस्माखरको छोरा सेर बहादुर पोखरेलको नाममा दर्ता कायम रहेका भरतपोखरी ६ कि.नं. ९० क्षे.फ. १-४-३-३ जग्गाका जग्गाधनी सेर बहादुर आफ्ना कान्छा ससुराकोको छोरा देवर नाता पर्ने भएको, सेर बहादुरको मिति २०५८/०६/२९ मा अविवाहित अवस्थामा मृत्यु भएको। सेर बहादुरको बुवा कुस्माखरको मिति २०२५ सालमा र आमा केसरी पोखेलको पनि मिति २०२७ सालमा मृत्यु भएको, कुस्माखरको नामको ज.ध. प्रमाण पुर्जामा कुस्माखर र सेर बहादुरको मृत्युदर्तामा बाबुको नामथर पुस्माखर भएको, कुस्माखर/पुस्माखर र केसरीका एकमात्र सन्तान सेर बहादुर भएको, सेर बहादुरको हकवाला र निजलाई लालन पालन गर्ने आफु भिमकला पोखेल मात्र भएको, आफु बाहेक उल्लेखित जग्गाको अन्य हकवाला नभएको भनि नामसारी निवेदन माग गरेकोमा उल्लेखित जग्गाका अन्य कोही हकदार भएमा यो सूचना प्रकाशन भएको ३५ दिनभित्र प्रमाण सहित हकदावी गर्न आउनुहोला। अन्यथा निवेदकको मागदावी बमोजिम नियमानुसार भई जाने व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गरिन्छ।

ईति संवत् २०७९ साल बैशाख २५ गते रोज १ शुभम्।

## श्री संस्कृत माध्यमिक विद्यालय
## पोखरा-१, भीमकालीपाटन

### सिलबन्दी बोलपत्र (कोटेशन) आह्वान गरिएको

**प्रकाशित मितिः २०७९/०१/२६**

प्रस्तुत विषयका सम्बन्धमा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशबाट यस श्री संस्कृत माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला सुदृढिकरणका लागि प्राप्त बजेटबाट विज्ञान प्रयोगशालाको लागि आवश्यक सामग्रीहरु खरिद गर्नुपर्ने भएकाले इच्छुक योग्य आपुर्तिकर्ताहरू मध्येबाट सिलबन्दी बोलपत्र (कोटेशन)आह्वान गरिन्छ।

पुनश्चः सिलबन्दी बोलपत्र आह्वान गरिएका सामग्रीको विवरण विद्यालयबाट प्राप्त गर्न सकिनेछ।

**सम्पर्कः ०६१-५७०४३४, ९८४६१०३३९६, ९८५६०३५६७६**

## नेपाल सरकार
## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान
## पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा

### क्लिनिकल अभ्यासको लागि आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०१/२६**

यस पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा एक वर्षसम्म क्लिनिकल अभ्यासको लागि ईच्छुक निजि नर्सिङ होम/स्वास्थ्य एकेडेमी/क्याम्पसहरुलाई प्रविणता प्रमाणपत्र / स्नातक तहको लागि सिमित संख्यामा मात्र अनुमति दिन सकिने हुँदा निम्न शर्तहरुको अधिनमा रहि आ-आफ्नो संस्था वा क्याम्पसको तर्फबाट निवेदन सहित आर्थिक तथा प्राविधिक प्रस्ताव छुट्टाछुट्टै खाममा शिलबन्दी गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन (२०७९/०२/०९ गते कार्यालय समय भित्र) भित्र यस अस्पतालको खरिद ईकाइमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

आर्थिक प्रस्तावः

| सि.नं. | न्यूनतम शुल्क (४० जनासम्म विद्यार्थीका लागि) | कैफियत |
|---|---|---|
| १ | एक शैक्षिक सत्र, प्रति संस्था न्यूनतम रु ७,२६००१/- (न्यूनतम मुल्यमा बढाबढ हुने गरी) | १. सम्बन्धित विभागको क्षमताको आधारमा सिमित संस्थाहरुलाई मात्र एक वर्षको लागि स्वीकृती प्रदान गरिनेछ।<br>२.आंशिक रुपमा क्लिनिकल अभ्यासका लागि कुन विषयमा स्वीकृती माग गरिएको हो सो कुरा स्पष्ट खुलाउनु पर्नेछ। |

**प्राविधिक प्रस्तावमा पेश गर्नुपर्ने कागजातहरुः**

१, नविकरण सहित संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि।
२, संस्थाको बिधानको प्रतिलिपि।
३, सम्बन्धन पत्रको प्रतिलिपि।
४, शैक्षिक सत्र खुलेको पत्र।
५, विद्यार्थी संख्या खुलेको पत्र।
६, अन्य आवस्यक कागजातहरु।

नोटः ४० जना भन्दा बढी विद्यार्थी संख्या भएमा थप विद्यार्थीको लागि प्रति विद्यार्थी प्रति दिन रु. २०० थप लाग्नेछ। आर्थिक प्रस्तावको फारम अस्पतालको खरिद शाखाबाट प्रप्त गर्न सकिनेछ। अन्य थप कुराहरुको जानकारीको लागि कार्यालय समय भित्र अस्पताल प्रशासनमा सम्पर्क गर्न सकिनेछ।

(निर्देशक)